# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, कमलपोखरी

### *सूचना तथा प्रकाशन शाखा*

## नेपाल परराष्ट्र सेवा रा.प. द्वितीय श्रेणीका पदहरुमा बढुवा, आ.प्र. तथा खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं. १४०७/०७९-८०** **प्रकाशन मितिः २०७९/१२/२९**

सम्मानित सर्वोच्च अदालवाट रिट नं. ०७९-WO-०४३७ उपर मिति २०७९/९/१९ मा भएको उत्प्रेषण परमादेशको आदेश कार्यान्वयनका लागि नेपाल परराष्ट्र सेवाका रा.प. द्वितीय श्रेणी, उपसचिव वा सो सरहका देहाय अनुसारका पदहरुमा बढुवा, आ.प्र. तथा खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले तल उल्लेखित योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिएको छ तथा मिति २०७९/६/२६ मा उक्त सेवा र श्रेणीका लागि पूर्व प्रकाशित आ.प्र. तथा खुला विज्ञापन एवं बढुवा सूचनाहरुमा आवेदन दिएका उम्मेदवारहरुको दरखास्त नयाँ बढुवा सूचना तथा विज्ञापनमा कायम गरिने भएकोले त्यस्ता उम्मेदवारहरुले पुनः दरखास्त पेश गर्नुपर्ने छैन ।

| क्र.सं. | बढुवा सूचना नम्बर/विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | श्रेणी | किसिम | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ५०२/०७९-८० | परराष्ट्र | रा.प. द्वितीय | जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा | ४ (चार) |
| २. | ५०३/०७९-८० | परराष्ट्र | रा.प. द्वितीय | कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा | ४ (चार) |
| ३. | १६७१४/०७९-८० | परराष्ट्र | रा.प. द्वितीय | आ.प्र. | ३ (तीन) |
| ४. | १६७१५/०७९-८० | परराष्ट्र | रा.प. द्वितीय | खुला | १ (एक) |

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा तर्फका उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरुः**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

(ग) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(घ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ ।

(ङ) कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरु सोही ऐनको दफा १४ को उपदफा ४ बमोजिम समायोजन हुनपूर्व बहाल रहेको सेवा/समूह/उपसमूहको एक श्रेणी वा तह माथिको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछन् ।

(च) जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क बमोजिम सम्भाव्य उम्मेदवार हुनुपर्नेछ साथै बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(छ) कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार भएको हुनुपर्नेछ । निजामती सेवा ऐन, २०४९ को दफा २४क, २४ख, २४ग र २४घ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, ज्येष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्यांकन निजामती सेवा ऐन, २०४९ को दफा २४ बमोजिम गणना हुनेछ । महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारको हकमा निजामती सेवा ऐन, २०४९ को दफा २१ को उपदफा (२) अनुसार हुनेछ । निजामती सेवा नियमावली, २०५० को नियम १२३ अनुसारको सेवा अवधि भएमा सो प्रमाणित भएको हुनु पर्नेछ ।

(ज) दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गरी सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त मिति २०८०/२/२ सम्ममा काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा बुझाई सक्नु पर्नेछ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

(झ) दरखास्त दस्तुर रु. २,००० ।- (दुई हजार) बुझाउनु पर्नेछ ।

(ञ) मिति २०७९/६/२६ मा प्रकाशित सूचना नं. ४३८/०७९-८० र ४३९/०७९-८० का लागि दरखास्त दिने अन्तिम मिति सम्म हासिल गरेको तालिम, शैक्षिक योग्यता र अनुभव मात्र गणना गरिने छ ।

(ट) बढुवाका अन्य शर्तहरु २०७९/६/२६ मा प्रकाशित बढुवा सूचनाहरुमा उल्लेख भए बमोजिम हुनेछ ।

**आन्तरिक प्रतियोगिता र खुला तर्फका विज्ञापनमा दरखास्त दिने उम्मेदवारले ध्यान दिनुपर्ने विषयहरुः-**

१. तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको अनलाइन दरखास्त प्रणाली psconline1.psc.gov.np मार्फत् २०८०/१/१९ सम्म र दोब्बर दस्तुर तिरी २०८०/१/२६ सम्म आवेदन दिन सक्नेछन् ।

२. दरखास्त दस्तुर रु. २,०००।- (दुई हजार) बुझाउनु पर्नेछ ।

३. मिति २०७९/७/१५ सम्म २१ वर्ष उमेर पुरा भै ४५ वर्ष ननाघेको हुनु पर्नेछ । वहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

४. अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर रकम अनिवार्य रुपमा बुझाइ सक्नुपर्नेछ ।

५. उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव लगायत आवश्यक सम्पूर्ण कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा अपलोड गर्नु पर्नेछ । दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।

६. मिति २०७९/६/२६ मा प्रकाशित सूचना नं. ४४०/०७९-८० को दरखास्त दिने अन्तिम मिति सम्म हासिल गरेको शैक्षिक योग्यता र अनुभव मात्र गणना गरिने छ।

७. विज्ञापनका अन्य शर्तहरु मिति २०७९/६/२६ मा प्रकाशित विज्ञापनमा उल्लेख भए बमोजिम हुनेछ ।

## आवश्यक न्यूनतम योग्यता

*(१) आ.प्र.को लागिः-* राजपत्रांकित तृतीय श्रेणीको पदमा ५ वर्ष स्थायी सेवा अवधि पूरा गरेको । निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (१४क) अनुसार राजपत्रांकित द्वितीय श्रेणीको आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरिने पदहरुमा सो पदका लागि तोकिए बमोजिमको सेवा अवधि र योग्यता पुगेका निजामती सेवा ऐन, २०४९, संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ र नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिमको सेवामा कार्यरत सबै कर्मचारी सम्भाव्य उम्मेदवार हुनेछन् । तर महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रमा स्थायी वसोबास भएका निजामती कर्मचारीको हकमा सो सेवा अवधिमा १ वर्ष कम भए पनि हुनेछ । विज्ञापन गरिएको पदसँग सम्बन्धित सेवाको राजपत्रांकित तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्ने छ ।

*(२) खुलाको लागिः-* स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा पाँच वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ । विद्यावारिधि स्तरको उपाधि प्राप्त गरेको व्यक्तिको हकमा अनुभवको अवधि दुई वर्षले कम हुनेछ ।

## लिखित परीक्षा कार्यक्रम

| क्र.सं. | किसिम | प्रथम पत्र | द्वितीय पत्र |
|---|---|---|---|
| १ | आ.प्र. | २०८०/२/२२ दिनको २.०० बजे | २०८०/२/२३ दिनको २.०० बजे |
| २ | खुला | २०८०/२/२४ दिनको २.०० बजे | २०८०/२/२५ दिनको २.०० बजे |